# सहिदभूमि गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## पिप्ले, धनकुटा
### १ नं. प्रदेश, नेपाल

## आन्तरिक आय ठेक्का बन्दोबस्ती सम्बन्धि शिलबन्दि बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९।०३।३०

सहिदभूमि गाउँपालिकाबाट स्वीकृत यस गा.पा.को आर्थिक ऐन २०७९ बमोजिम गाउँपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आगामी आ.व. ०७९।०८० का लागी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीले तोकिएको निम्न शर्तहरुको अधिनमा रही तपसिलमा समय, मिति र स्थानमा छुट्टा छुट्टै गोप्य शिलबन्दि बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ। अन्य विस्तृत जानकारीका लागी कार्यालयको वेवसाइड :**www.shahidbhumimun.gov.np** वा कार्यालयको सूचना पार्टीमा हेर्नु हुन वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**ठेक्काको विवरण**

| ठे.न. | विवरण | न्युनतम ठेक्का अंक रु (वार्षिक मुल्य अभिबृद्धि कर बाहेक) | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १. | हाट बजार सेवा शुल्क **थलथले वजार** | ७५,०००/- | १०००/- | १५ औं दिन २०७९।०४।१२ गते सम्म | १६औं दिन २०७९।०४। १३ गते १२:०० बजे | १६ औं दिन २०७९।०४।१३ गते २:०० बजे |
| २. | हाट बजार सेवा शुल्क **पंञ्चकन्या वजार** | ३५,०००/- | १०००/- | १५ औं दिन २०७९।०४।१२ गते सम्म | १६औं दिन २०७९।०४। १३ गते १२:०० बजे | १६ औं दिन २०७९।०४।१३ गते २:०० बजे |
| ३. | निकासी कर (वडा नं. १ अन्तर्गत घंघरु, पोखरे र त्रिवेणी पुलबाट हुने निकासी) | ३७,५००/- | १०००/- | १५ औं दिन २०७९।०४।१२ गते सम्म | १६औं दिन २०७९।०४। १३ गते १२:०० बजे | १६ औं दिन २०७९।०४।१३ गते २:०० बजे |

प्रमुख प्रशासकीय अधिकृत

शर्तहरु :

१. शिलबन्दि बोलपत्र आफूले कवोल गरेको ठेक्का अंकको नेपाली नागरीक भए ५% धरौटी बापत रकम सहिदभूमि गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सिटिजन्स बैंक इन्टरनेशनल लि. पिप्लेमा रहेको ग-३ स्थानिय तह धरौटी खाता नम्बर **०७४०१००० ००००४२०१** मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ ।

२. शिलबन्दि बोलपत्र साथ बोलपत्रवालाको व्यक्तीको हकमा नेपाली नागरीकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ । संस्थाको हकमा आन्तरिक राजश्व कार्यालयवाट प्राप्त गरेको स्थायी लेखा नम्बर को प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, तथा आ.व. ०७७/७८ को आयकर चुक्ता प्रमाण पत्र समेत शिलबन्दी दरभाउ पत्र साथ पेश गर्नू पर्नेछ ।

३. शिलबन्दि बोलपत्र फारम दस्तुर ठेक्का नं. १ देखी ३ सम्मको लागी रु. १०००/- (फिर्ता नहुने गरी) बोलपत्र फारम सहिदभूमि गा.पा. गाउँकार्यपालिकाको कार्यालयको राजश्व शाखाबाट रसिद काटी वा सहिदभूमि गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सिटिजन्स बैंक इन्टरनेशनल लि. पिप्लेमा रहेको ग-१-१ सहिदभूमि गा.पा.आन्तरिक राजश्व खाता नम्बर **०७४०१००० ००००१२०२** मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गरि राजश्व शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४. शिलबन्दि बोलपत्र खरिद गर्ने अन्तिम मिति प्रथम पटक सूचना प्रकाशित भएको मितिले ठेक्का नम्बर १ देखि ३ को हकमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०७९ ।०४।१२) सम्म शिलबन्दि बोलपत्र खरिद गर्न सकिने छ । र १६ औं दिन (२०७९।०४।१३ गते) दिनको १२:०० बजे सम्म दर्ता गराउन सकिनेछ । साथै शिलबन्दि बोलपत्र ठेक्का नम्बर १ देखि ३ को हकमा १६ औं दिन (२०७९।०४।१३ गते) दिनको ठिक २:०० बजे यस गा.पा. कार्यालयमा खोलिने छ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको टेण्डर फारम उपर कुनै कारबाही हुने छैन ।

६. शिलबन्दि बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार गाउँपालिकामा सुरक्षित रहनेछ ।

७. ठेक्का रकमलाई किस्तामा बूझाउनका लागि पहिलो किस्ता ६० प्रतिशत, तथा अन्तिम किस्ता ४० प्रतिशत गरी विभाजन गरिने छ । यसरी किस्ता निर्धारण गरी पहिलो किस्ता रकम सम्झौता गर्दा कै बखतमा र अन्तिम किस्ता वरावरको ४० प्रतिशत रकम पौष मसान्त भित्रमा वूझाउनू पर्ने छ । अन्तिम किस्ता वरावरको रकमको हकमा २०८० आषाढ मसान्त सम्म अवधि रहेको बैक ग्यारेन्टी सम्झौता गर्दा कै बखतमा पेश गर्नु पर्ने छ । एकमूष्ट रकम वूझाउन चाहनेले एकमूष्ठ रकम कवोल अंकमा मु.अ.कर बाहेकको ठेक्का रकममा १० प्रतिशतले ले हून आउने रकम छुट दिइने छ ।

८. दर्ता भएका शिलबन्दि बोलपत्रहरु तोकिएको मिति र समयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा सहिदभूमि गा.पा.गाउँकार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ र बोलपत्र दर्तावाला वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

९. गाउँपालिकाले तोकिदिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नु पर्नेछ ।

१०. अन्य जानकारीको लागी सहिदभूमि गा.पा. गाउँकार्यपालिकाको कार्यालयको राजश्व शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

११. वार्षिक ठेक्का रकम बाँकी अवधिको लागी स्वीकृत भएको दिन देखी दामासाहीले लागु हुनेछ । विपद वा माहामारीको कारण ठेक्का संम्झौता भएर पनि अशुलउपर गर्न बाधा परेमा प्रचलित ऐन नियम र गाउँ सभा को निर्णय बमोजिम हुनेछ ।

**नोट :-** शिलबन्दि बोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा शिलबन्दि बोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोलीपल्ट दर्ता हुने तथा खालिने छ ।

प्रमुख प्रशासकीय अधिकृत